श्री उच्च अदालत पोखरा
बागलुङ इजलास
बागलुङ

पत्र संख्या: ०७८/०७९
चलानी नं.

# सूचना ! सूचना !! सूचना !!!

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार लगायत संबद्ध निकायहरुबाट जारी भएका आदेश र विद्यमान अवस्थाको मूल्याङ्कनसमेतका आधारमा यस अदालतबाट सम्पादन हुने कामकारवाही तथा सेवा प्रवाहका सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७८।३।३१ को फुलकोर्टको निर्णयअनुसार मिति २०७८।४।१५ देखि स्वास्थ्य सुरक्षासम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डहरुको पूर्ण पालना हुने गरी सर्वोच्च अदालतबाट प्रवाह गरिने सबै प्रकारका मुद्दा दर्ता तथा सुनुवाईसम्बन्धी सेवाहरु नियमित रुपमा संचालन गर्ने भन्ने निर्णय भएको हुँदा सोहीअनुसार यस अदालतबाट पनि सबै प्रकारका मुद्दा दर्ता र सुनुवाईसम्बन्धी सेवाहरु मिति २०७८।४।१५ देखि स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गरी नियमित रुपमा संचालन गर्ने साथै मिति २०७८।१।२१ देखि २०७८।४।१४ सम्मको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउनेसम्बन्धमा सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको २०७७।२।१५ को आदेशबमोजिमको सुविधा मिति २०७८।४।१५ देखि लागू हुने गरी उपलब्ध हुने भनी यस अदालतको मिति २०७८।४।३ को पूर्ण वैठकबाट निर्णय भएको हुँदा सरोकारवाला निकाय, कानून व्यवसायी एवं सेवाग्राहीहरुका लागि यो सूचना प्रकाशन गरिएको छ ।

फोन नं. ०६८-५२०२४५, फ्याक्स नं.: ०६८-५२०२६१, E-mail: info.hcibaglung@supremecourt.gov.np